## मिति २०८०।०१।०५ गते बसेको सचिव बैठकका निर्णयहरु :

१. सबै मन्त्रालयहरुबाट भएका काम कारबाही र चालु आर्थिक वर्षको चैत्र मसान्तसम्मको खर्चको प्रगतिको समिक्षा गरियो।

२. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा मन्त्रालयहरुबाट समावेश गर्नुपर्ने विषयमा मन्त्रालयहरुले तयारी गर्ने।

३. गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/१०/०९ को निर्णय बमोजिम मन्त्रालयहरुको समायोजन भई सातवटा कायम भएको र नाम समेत परिवर्तन भएकोमा मन्त्रालय मातहतका कतिपय कार्यालयहरुको साइनबोर्डमा साविक बमोजिम कै नाम रहेको पाइएकोले समायोजन भए बमोजिमको नाम मिलाउने।

४. स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावलीको मस्यौदाको काम भइरहेकोले मन्त्रालय/निकायहरुले मिति २०८०/०१/१५ भित्र सुझाव पठाउने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. प्रा.स.४२१/५००१, मिति २०७९/१२/२० को अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको सुझाव कार्यान्वयनका लागि गरिएको परिपत्र, कुमारी चोक तथा केन्द्रिय तहसील कार्यालयको च.नं.२३२, मिति २०७९/१२/२३ को सरकारी बाँकी रकम असुल गर्ने परिपत्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गण्डकी प्रदेश सरकारले मितिव्ययीता कायम गर्न अपनाउने नीतिहरु कार्यान्वयनका लागि गरिएको परिपत्र र अन्य परिपत्रहरु बैठकमा जानकारी गराइयो।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

२०८०।१।५
प्रमुख सचिव